जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १३० २०८२ साल पुस ५ गते शनिबार (20 Dec 2025 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विदेशबाट मतदान अधिकारबार ... ३ पृष्ठमा : स्वदेशमै दुःख गर्नसके ... ३ पृष्ठमा : ढाकामा तनाव ...

## दुई सय असक्तलाई चिसोबाट जोगिन कम्बल प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

चिसो बढेसँगै शारिरीक रुपमा असक्त भई कष्टकर जिवन बिताउन बाध्य दुई सय जनाले शुक्रबार ब्ल्याङकेट प्राप्त गरेका छन् ।

३४औं अन्तराष्ट्रिय अपाङगता दिवसको अवसर पारेर सप्तरीको सुरुङ्गा नगरपालिकाको सहयोगमा अपाङ्ग संघ सप्तरीले आयोजना गरेको कार्यक्रममा सो पालिकाका ५० तथा सोही संस्थाले खडक नगरपालिकामा १ सय ५० जना शारिरीक अपाङ्गता भएका व्यक्तिलाई चिसो छल्न राहत स्वरुप कम्बल प्रदान गरेको हो ।

आयोजक संस्थाका अध्यक्ष बिरेन्द्र कुमार चौधरीको अध्यक्षतमा आयोजित कार्यक्रममा सुरुङ्गा नगरपालिकाका प्रमुख गिता चौधरीले शुक्रबारदेखी एकासी चिसो बढ्दा बिशेष गरि बिपन्न परिवारका अपाङ्गहरु समस्यामा परेको खबर आएपछी संस्थासँगको समन्वयमा सूची तयार गरि कम्बल बितरण गर्न थालिएको बताइन् ।

आयोजक संस्थाका अध्यक्ष चौधरीले शारीरिक रुपमा असक्त भई हिड्डुल गर्न तथा कठिन श्रम गर्ने अवसरबाट बञ्चित भई आर्थिक समस्यामा परेका व्यक्तिको जिवनयापन सहज बनाउन संस्थाले बेला बेलामा सहयोग जुटाई यस्ता समाजसेवा कार्य गरिरहेको र भविष्यमा समेत यसलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत विकास सुनुवार, वडाअध्यक्ष दिलाराम चौधरी, प्रधानाध्यापक सूर्य नारायण चौधरी, समाजसेवी प्रमोद चौधरी लगायतले पनि शारिरीक अपाङ्गता भएका व्यक्तिलाई कम्बल बितरण गरेका थिए ।

शुक्रबार नै सो संस्थाले खडक नगरपालिकामा पनि एक कार्यक्रमको आयोजना गरि १ सय ५० जना असक्तहरुलाई कम्बल बितरण गरेका छन् । उक्त कार्यक्रमका प्रमुख अतिथि रहेका पूर्वमन्त्री तेजुलाल चौधरीले शारीरिक रुपमा असक्त भएका व्यक्तिहरुलाई चिसो छल्न कम्बल बितरण गरेका थिए ।

## सडक निर्माणको माग गर्दै सडकजाम



**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

पूर्वपश्चिम हुलाकी राजमार्ग अन्तरगत सप्तरीको अग्निसाइर कृष्णासबरण गाउँपालिका ४ बनौली खण्डमा युवाहरुले शुक्रबार ढाट तेर्‍याएर चक्काजाम गरेका छन् ।

स्थानीय यूवाहरु बिहान ११ बजेतिर जिर्ण सडकमा माटो, बालुवा, इटा, पत्थर राख्नुका साथै बाँसको ढाट लगाएर आवागमन ठप्प पारेका हुन् ।

विगत ७/८ वर्षदेखी ठेकेदार कम्पनीले सडक अलपत्र छाडिदिँदा दिनहुँजसो दुर्घटनाका साथै सवारीसाधन चलाउन कठिनाई हुने गरेको स्थानियवासी संजिव यादवले बताए । पटक पटक संघर्षका कार्यक्रमहरु गर्दा पनि कसैले चासो नदेखाएको उनको भनाई छ ।

सडक निर्माण कार्यलाई गति दिन तथा अविलम्ब अधुरो काम पुरा गर्न सम्बन्धित ठेकेदार कम्पनीले प्रतिबद्धता नजनाएसम्म सडकजाम नखोल्ने स्थानिय

***बाँकी अन्तिम पृष्ठमा***

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्य:**

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।

२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## विष्णुपुर ३ नं. वडा बालबिवाह मुक्त घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

“नै करू बियाहके बात, बियाह करू बीस बर्षके वाद” नारा सहि शुक्रबार बिष्णुपुर गाउँपालिका वडा नं. ३ वडालाई वडा बालबिबाह मुक्त घोषणाा गरिएको छ ।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको सहयोगमा वडा कार्यालयले श्री जनता मा.बि. मुसहरनियामा आयोजना गरि उक्त वडालाई बालबिवाह मुक्त घोषणाा गरिएको हो ।

सो अवसमा कार्यक्रमका प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष उमेश कुमार यादवले ब्यानर पढेर बाल बिवाह वडालाई घोषणा गरे ।

वडा अध्यक्ष राजेन्द्र प्रसाद सदाको अध्यक्षतामा सम्पन्न भएको बालबिबाह वडा मुक्त घोषणा समहारोमा बिशिष्ट अतिथि प्रशासन प्रमुख गगा साह, सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देव, जनता मा.बि. मुसहरनियाका प्रअ प्रमोद यादव, पुर्ब वडा अध्यक्ष रामेश्वर यादव, स्वास्थ चौकी प्रमुख चन्दन कुमार साह, वडा ७ का वडा अध्यक्ष लोचन साह लगायतका वक्ताहरुले बालबिवाह मुक्त घोषाणाले मात्र हुदैन यसको कार्यन्वयन हुनुपर्नेमा जोड दिएका छन ।

दलित बस्तीसहित ३ सय ५९ घरधुरी रहेको यस वडा बालबिवाह मुक्त कार्यक्रममा बालबिबाह बारे जनचेतना र नृत्य प्रस्तुत गरेका थिए भने बालबिवाह मुक्त गराउनमा सहयोग गर्ने विभिन्न व्यक्तिलाई प्रसंशा पत्र दिइएको थियो ।

## पोखरीमा डुबेर एक वृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा शुक्रबार बिहान पोखरीमा डुबेर एकजना वृद्धको मृत्यु भएको छ ।

गाउँपालिकाको वडा नम्बर

***बाँकी अन्तिम पृष्ठमा***

**निर्वाचनमा सहभागी बनौं।**

- ❖आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ❖निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ❖मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ❖स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
- ❖निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
- ❖मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।
- ❖लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ❖जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा. निर्वाचनमा सहभागी बनौं. मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विदेशबाट मतदान अधिकारबारे तयार पारिएको प्रतिवेदन सार्वजनिक

काठमाडौँ, ४ पुस (रासस)।

विदेशबाट मतदानसम्बन्धी अधिकारबारे तयार पारिएको सर्वेक्षण अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ। अन्तरराष्ट्रिय आप्रवासी दिवसको सन्दर्भ पारेर प्रतिवेदन सार्वजनिक गरिएको हो।

श्रमिक सञ्जाल तथा सामाजिक न्यायका लागि कानुन तथा नीति मञ्चको संयुक्त समन्वयमा कार्यक्रम आयोजना गरिएको हो। प्रतिवेदनले नेपालमा हुने चुनावमा विदेशमा रहेका नेपालीको गम्भीर चासोलाई प्रकट गरेको छ। सो अवसरमा वैदेशिक रोजगारमा रहनुभएका नेपाली श्रमिकका साहित्य/सिर्जना सङ्कलित पुस्तक 'पुरानो पन्ना' को विमोचन गरिएको थियो।

'पुरानो पन्ना' पुस्तकमा नेपाली आप्रवासी श्रमिकका १०८ कविता, गजल र मुक्तक समेटिएका छन्। विप्रेषणमार्फत नेपाली अर्थतन्त्र धानिरहेका आप्रवासी श्रमिक आफ्नो संवैधानिक अधिकारबाट वञ्चित छन् र त्यस्तो अवस्थालाई उनीहरूले कसरी लिन्छन् भन्नेबारे यो अध्ययन प्रतिवेदनले तथ्याङ्क तथा प्रमाणमा आधारित रहेर नेपाली आप्रवासी श्रमिकको दृष्टिकोण प्रस्तुत गरेको छ।

विप्रेषणमार्फत नेपाली अर्थतन्त्रलाई ठूलो योगदान पुर्‍याइरहेका आप्रवासी श्रमिक हाल आफ्नो संवैधानिक हक मतदानको अधिकारबाट वञ्चित रहेको अवस्थालाई उनीहरूले कसरी अनुभूति गरेका छन् भन्ने विषय प्रतिवेदनमा समेटिएको छ। नेपालमा हुने निर्वाचन प्रक्रियामा विदेशमा रहेका नेपालीको गहिरो चासो र सहभागिताको आवश्यकताबारे प्रतिवेदनले स्पष्ट रूपमा उजागर गरेको छ।

पुस्तक 'श्रमिक सञ्जाल' को एकल प्रयास हो भने अध्ययन प्रतिवेदन 'सञ्जाल' सँगै 'सामाजिक न्यायका लागि कानुन तथा नीति मञ्च'ले संयुक्त रूपमा तयार पारेको हो। विदेशबाट गर्ने मतदानबारे पहिलेदेखि नै चर्चा भए पनि यसको कार्यान्वयनमा सरकार जिम्मेवार नदेखिएको सन्दर्भमा प्रतिवेदनले औँल्याएका उपाय र गरेको सङ्केतको धेरै अर्थ छ। विदेशमा बस्नेहरूको निर्वाचन सहभागितामा अत्यधिक रुचि देखिन्छ। प्रतिवेदनअनुसार अधिकांशले विद्युतीय र दूतावास- -आधारित मतदानप्रति रुचि देखाएका छन्। संवैधानिक र न्यायिक व्यवस्थामा विदेशबाट नेपाली आप्रवासी श्रमिकले मतदान गर्न पाउनेबारे धेरै पहिलादेखि वाचा गरिएको छ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले मुख्य वक्ताका रूपमा कुरा राख्दै मत हाल्न पाउने अधिकार नेपाली आप्रवासीको नैसर्गिक अधिकार रहेको र मानव अधिकारको वकालत गर्ने निकायका नाताले सो विषयलाई आफूहरूले सधैँ समर्थन गर्ने बताउनुभयो।

पुस्तक विमोचन तथा प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रममा वक्ताका रूपमा बोल्दै श्रम आप्रवासन विज्ञ डा मीना पौडेलले विदेशमा बसेर देशलाई योगदान गरिरहेका नेपालीले चुनावमा मत हाल्न पाउनुपर्ने बताउनुभयो। नेपालका अधिकांश श्रमिक रहरले भन्दा बाध्यताले विदेशमा रहेका कारण मत हाल्न नपाउने अवस्था अन्यायपूर्ण हुने उहाँको भनाइ थियो। "साहित्यमार्फत आप्रवासनमा रहेका नेपालीले प्रेम र भावनाका कुरासँग विद्रोहसमेत बोलेका छन्। त्यो पक्ष साह्रै मन पर्‍यो", उहाँले भन्नुभयो।

'ल्याप्सोज'का बरूण घिमिरेले विदेशबाट मत हाल्न पाउने विषय संवैधानिकसँगै अन्तरराष्ट्रिय अधिकारसँग जोडिएको बताउनुभयो। कानुनी जटिलता देखाएर विदेशबाट मत दिने कुरालाई अड्काइएको सन्दर्भमा उहाँले भन्नुभयो, "सरकारसमेत संविधानभन्दा बाहिरबाट बनाउन मिल्दा त्यस्तै तत्परता विदेशबाट मत हाल्ने सन्दर्भमा हुनुपर्छ। ४०-५० लाख नेपाली बाहिर राखेर हुने चुनावको वैधता कति हुन्छ।"

ल्याप्सोजकै अनुराग देवकोटाले आफूले विदेशबाट मत दिने विषयलाई पहिले आप्रवासी श्रमिकको मुद्दाको रूपमा अदालतमा लगे पनि सर्वोच्च अदालतले विभिन्न कारणले मत दिन नपाएका बालिक नेपाली मतदाताका रूपमा त्यसलाई थप वृहत् बनाएको बताउनुभयो। देशको ठूलो जनसङ्ख्या देशबाहिर रहेको अवस्थामा, तिनले मत हाल्न नपाउँदा असल अर्थमा नेपालमा लोकतन्त्रको अभ्यास नभएको देवकोटाको तर्क थियो।

श्रमिक सञ्जालका भीम श्रेष्ठले भन्नुभयो, "विदेशमा रहेका नेपाली चुनावमा मत हाल्न इच्छुक छन्। विदेशमा रहेका श्रमिकको अधिकारमध्ये मत दिन पाउने र मनका भावना व्यक्त गर्न पाउने दुवै महत्वपूर्ण हो।" नेपाल राजनीतिक सङ्क्रमणकालमा प्रवेश गरिरहेको बेला प्रवासी श्रमिक नेपालीले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न पाउनुपर्ने विषय महत्वपूर्ण भएको उहाँको भनाइ थियो।

# 'सार्वजनिक खर्चको प्रभावकारिता कमजोर र सेवा प्रवाहमा अपेक्षित सुधार देखिएन'

काठमाडौँ, ४ पुस (रासस)।

अर्थशास्त्री डा डिल्लीराज खनालले सार्वजनिक खर्चको प्रभावकारिता कमजोर रहेको र सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले शुक्रबार यहाँ आयोजना गरेको 'सार्वजनिक खर्चको प्रभावकारिता र सेवा प्रवाह सुधारका लागि नीति संवाद कार्यक्रम' मा उहाँले नतिजा देखाउन नसकेका बोर्ड, समिति र संस्थान खारेज गरी बजेट बचत र प्रभावकारी उपयोगमा केन्द्रित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। डा खनालका अनुसार पछिल्ला वर्षमा सामाजिक सुरक्षाको दायित्व तीव्र रूपमा बढ्दै गए पनि त्यसअनुसार परिणाम देखिएको छैन।

उहाँले उत्पादनशील क्षेत्रमा वृद्धि नदेखिनु अर्थतन्त्रको प्रमुख समस्या भएको उल्लेख गर्दै सरकारले उत्पादन क्षेत्रमा सहुलियत तथा प्रोत्साहन दिएको भए पनि अपेक्षित नतिजा नआएको धारणा राख्नुभयो। डा खनालले शिक्षा र स्वास्थ्य क्षेत्रमा बजेटको ठूलो हिस्सा खर्च हुने गरे पनि ती क्षेत्रमा गुणस्तरीय सुधार हुन नसकेको बताउनुभयो।

"गरिबीको अवस्था, प्रतिव्यक्ति खपत र जीवनस्तरको सूचकमा नेपाल दक्षिण एसियामै कमजोर मुलुकको सूचीमा पर्छ। सार्वजनिक खर्च प्रशासन सुधारका प्रयास भए पनि ती पर्याप्त छैनन्। सेवा प्रवाहमा समेत अझै उल्लेख्य सुधार नआएकाले समस्या भइरहेको छ", उहाले निष्कर्ष सुनाउनुभयो।

डा खनालले सार्वजनिक खर्चका केही प्रवृत्ति संविधान, दिगो विकास लक्ष्य (एसडिजी) का प्रतिबद्धता तथा योजना र बजेटका प्राथमिकतासँग विरोधाभासपूर्ण रहेको भन्दै स्वास्थ्य क्षेत्रमा खर्च २०११/१२ मा सात दशमलव आठ प्रतिशत रहेकोमा २०२२/२३ मा घटेर चार दशमलव दुई प्रतिशतमा सीमित भएको उल्लेख गर्नुभयो।

उहाँका अनुसार शिक्षा क्षेत्रमा तीव्र कटौती देखिएको र २०२२/२३ मा २१ प्रतिशत रहेको हिस्सा २०२३/२४ मा १० दशमलव पाँच प्रतिशतमा झरेको छ। यस विपरीत सामाजिक सुरक्षामा खर्च तीव्र रूपमा बढ्दै गएको छ। २०११/१२ मा तीन दशमलव छ प्रतिशत रहेको सामाजिक सुरक्षा खर्च २०२२/२३ र २०२३/२४ मा क्रमशः १४ दशमलव चार प्रतिशत र १६ दशमलव दुई प्रतिशत पुगेको छ। केही वृद्धि जायज भए पनि खर्चको यस्तो तीव्र वृद्धिले कमजोर नतिजा दिएको उहाँको भनाइ छ।

डा खनालले बजेटको ठूलो हिस्सा आर्थिक वर्षको अन्तिम महिना र अन्तिम सातामा खर्च हुने प्रवृत्ति अझै कायम रहेकातर्फ ध्यानाकर्षण गराउनुभयो। कुल बजेटमा राजस्वको योगदान बढ्नु सकारात्मक भए पनि अनुदान घट्दै जानु र आन्तरिक ऋण बढ्नुले वित्तीय स्पेस साँघुरो बन्दै गएको उहाँले बताउनुभयो।

"यस्तो अवस्थामा अर्थतन्त्रको पुनर्निर्माण र पुनरुत्थानका लागि ठूलो लगानी आवश्यक रहेको अवस्थामा अत्यधिक तरलता हुँदाहुँदै पनि लगानीको अपेक्षित माग नदेखिनु अर्को असन्तुलित प्रवृत्ति हो। अत्यन्तै खुकुलो मौद्रिक नीतिका बाबजुद पनि लगानी बढ्न नसक्नु गम्भीर समस्याका रूपमा लिनुपर्छ", डा खनालले भन्नुभयो,"कुल गार्हस्थ उत्पादनको अनुपातमा हेर्दा नेपालमा सार्वजनिक खर्च भारतबाहेक अन्य दक्षिण एसियाली मुलुकको तुलनामा उच्च छ। बजेट विनियोजनको तुलनामा खर्च निकै कमजोर छ। अर्धवार्षिक समीक्षामा ठूलो कटौती हुँदाहुँदै पनि यस्तो अवस्था दोहोरिनु बजेट प्रणालीकै कमजोरी हो।"

यसैगरी, उहाँले रकमान्तरको प्रवृत्ति अत्यधिक रहेको उल्लेख गर्दै २०२३/२४ को बजेटमा कुल रकमान्तर १४ दशमलव ६४ प्रतिशत पुगेको र त्यसको ठूलो हिस्सा अन्तिम समयमा खर्च हुनु विद्यमान नियमविपरीत भएको बताउनुभयो। कुल खर्च मुख्यत: दोहोरिने खर्चका कारण बढिरहेको र वित्तीय खर्च पुँजीगत खर्चभन्दा तीव्र गतिमा बढिरहेको उहाँको विश्लेषण थियो।

"समस्याको मूल कारण प्रणालीगत तथा संरचनात्मक रहेको छ। राज्य प्रणाली र त्यसको राजनीतिक नियन्त्रणमा आधारित कार्यप्रणाली नै मुख्य समस्याका रूपमा देखिन्छ। यी समस्या पहिचान हुँदै आए पनि व्यवहारमा भाषण र प्रचारमै सीमित हुने गरेको छ", डा खनालले गुनासो गर्नुभयो,"आवधिक योजना, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम, नीति र कार्यान्वयनबीच ठूलो असन्तुलन रहेको छ। मध्यमकालीन खर्च संरचनालाई औपचारिकतामा सीमित नराखी सम्पूर्ण बजेट प्रणाली सुधारको प्रमुख औजारका रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता छ।"

उहाँले आन्तरिक लेखापरीक्षण, समयमै प्रतिवेदन, स्रोतको चुहावट तथा दुरुपयोग नियन्त्रण अझै चुनौतीका रूपमा रहेको उल्लेख गर्दै आधारित लेखा प्रणाली र सम्पत्ति व्यवस्थापन पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो। यस्तो अवस्थालाई ध्यानमा राख्दै छोटो, मध्यम र दीर्घकालीन रणनीति एकैसाथ अघि बढाउनुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# न्यायपरिषद् न्यायपालिकाको चरित्र निर्माण गर्ने निकाय हो : प्रधानन्यायाधीश राउत

काठमाडौँ, ४ पुस (रासस)।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायपरिषद् न्यायाधीश नियुक्त गर्ने निकाय मात्र नभई न्यायपालिकाको चरित्र निर्माण गर्ने संवैधानिक निकाय भएको बताउनुभएको छ।

न्यायपरिषद् दिवस २०८२ का अवसरमा बिहीबार आयोजना गरेको कार्यक्रममा प्रधानन्यायाधीश राउतले न्यायपरिषद् सिङ्गो न्यायपालिकाको चरित्र निर्माण गर्ने निकाय भएको बताउनुभएको हो।

"न्याय परिषद् न्यायाधीश नियुक्त गर्ने निकाय मात्र नभई न्यायपालिकाको चरित्र निर्माण गर्ने संवैधानिक निकाय हो, यो न्यायिक योग्यताको मापदण्ड निर्धारण गर्ने संवैधानिक संरक्षक हो" प्रधानन्यायाधीश राउतले भन्नुभयो, "न्यायपरिषद्को प्रत्येक निर्णयले केवल एउटा व्यक्ति वा संस्थालाई मात्र प्रतिविम्बित गर्ने होइन, न्यायप्रतिको जनविश्वासलाई पनि प्रत्यक्ष प्रभाव पार्दछ।"

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई लोकतन्त्रको अपरिहार्य आधारस्तम्भका रूपमा स्वीकार गरेको उल्लेख गर्दै उहाँले संविधानमा लेखिएको मूल्यमान्यताको मूर्तरुप कार्यान्वयन गर्ने संस्थाहरू सक्षम, निष्पक्ष र जवाफदेहीपूर्ण भएमात्र हुने बताउनुभयो।

प्रधानन्यायाधीश राउतले न्यायपरिषद्को प्रभावकारिता अभिवृद्धिमा सरोकारवाला निकायको सकारात्मक सहयोग अपरिहार्य हुनुपर्ने र सबैको सामूहिक प्रयासबाट नै संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकामार्फत हुनुपर्नेमा जोड दिनुभयो।

"न्यायिक निष्पक्षता, स्वतन्त्रता र सक्षमता न्यायपालिकाका आधारभूत मूल्य हुन, जुन सम्पूर्ण न्यायकर्मी र कर्मचारीले आ-आफ्नो कार्यसम्पादनको सिलसिलामा कहिल्यै भुल्न मिल्दैन", उहाँले भन्नुभयो, "जनताको न्यायपालिकाप्रतिको विश्वास र भरोसा कानुनले सिर्जना गरेको बाध्यता नभई न्यायकर्मीको काम र व्यवहारबाट हासिल हुने स्थिति हो, न्यायिक प्रक्रियाको स्वच्छ र प्रभावकारी व्यवस्थापन एवं त्यसका आधारमा निष्पादन हुने निष्पक्ष न्यायले नै न्यायालय र न्यायकर्मीको गरिमा बढ्ने हुनाले आफ्नो व्यावसायिक दक्षताको इमान्दारीपूर्वक र अधिकतम् प्रयोग गरी न्यायप्रति नै सबैले आफूलाई सर्मपित गर्न जरुरी छ।"

उहाँले प्रक्रियामा कुनै पनि कृत्रिम अवरोध सिर्जना गर्ने, व्यावसायिक धर्मबाट विचलित भएको कुराको ढाकछोप गर्ने, न्यायको प्रवाहलाई अवरुद्ध गर्ने र अन्तत: न्यायको मर्म र गरिमामा प्रहार गर्ने कुनै पनि साना ठूला क्रियाकलाप अक्षम्य रहने कुराको हेक्का राख्दै अहिलेको विषम परिस्थितिमा सबै संस्था एवं निकायले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने भनाई राख्नुभयो।

प्रधानन्यायाधीश राउतले भन्नुभयो, "सबैले सबैको सम्मान गर्ने, सबैले आआफ्नो भूमिका र जवाफदेहीता निर्वाह गर्ने र असल अभ्यासलाई स्थापित गर्दै आआफ्नो कर्म क्षेत्रमा निरन्तर डटेर लाग्नुपर्ने भएको छ।"

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले न्यायपालिकाको स्वतन्त्रताको संस्थागतरुपमा सुदृढीकरण गर्नुपर्ने र न्यायपालिकाको साख उठाउने काममा सबै लाग्नुपर्ने बताउनुभयो।

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपनाप्रधान मल्लले सम्पूर्ण न्यायाधीशले निडर भएर स्वच्छ र सक्षम भएर काम गर्नु आग्रह गर्दै सिङ्गो न्यायापालिको सबैको साथमा हुने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले देशमा सुशासन कायम गर्न र स्वच्छ ढङ्गले राज्य सञ्चालन गराउनका लागि न्यायपालिकाले सुन्नु र हेर्नुपर्ने बताउनुभयो।

वरिष्ठतम् न्यायाधीश मल्लले न्यायाधीशलाई कसैको प्रभावबाट जोगाउनेपर्ने चुनौती, जनताको आस्थाबाट उठेका प्रश्न परिषद्मा भएका निराशालाई आशामा परिणत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

महान्यायाधीवक्ता सविता बरालले न्यायपालिकाले अहिलेसम्म हासिल गरेका उपलब्धिलाई संस्थागत

बाँकी तीन पृष्ठमा

# स्वदेशमै दुःख गर्नसके विदेशिनु पर्दैन

**मधु शाही**
काठमाडौँ, ४ पुस (रासस)।

सुनसरी, रामदुनी झुम्का-१ सकुन्तला अधिकारीका दुई छोराछोरी पाँच कक्षामा पढ्दै थिए। श्रीमान्को कमाइ थिएन। हुर्किंदै गरेका सन्तानको भविष्य बनाउने सपनासहित उहाँ बाध्य भएर विदेशीनुपर्ने अवस्था आयो। मेनपावरमार्फत कुवेत पुग्नुभएकी अधिकारीसँग गृहिणीका रूपमा घरायसी काम र खाना पकाउनेबाहेक अन्य अनुभव थिएन।

के कामका लागि विदेश जाँदैछु भन्नेसमेत थाहा नपाइ उहाँ विदेशीनुभयो। बदलामा दुई वर्षसम्म निकै सास्ती खेप्नुपर्‍यो, ऋणधन गरेर गएकी अधिकारीलाई रित्तो हात घर फर्किने सुविधा थिएन। पछि जसोतसो साथीभाइको सहायतामा उहाँले अरबीको घरमा घरेलु कामदारका रुपमा काम पाउनुभयो।

"त्यहाँ राम्रो घरमा काम पाउनु भनेको निकै भाग्यको कुरा हो, त्यस्तै भाग्मानी रहेछु म। मैले काम पाएको घरका मान्छे निकै मनकारी रहेछन्", अधिकारीले स्मरण गर्नुभयो,"काम भने धेरै गर्नुपर्थ्यो। २४सै घण्टा काममा खट्नुपर्ने अवस्थासमेत आउने।"

अचेल अधिकारीलाई त्यति समय नेपालमै श्रम बगाएको भए पनि धेरै आर्थिक लाभ हुने रहेछ भन्ने लागिरहेको छ। "वैदेशिक रोजगारीमा जानु हामीजस्ता महिलाका लागि रहरभन्दा पनि बाध्यता नै हो। विदेश गएर दुई चार पैसा ल्याई बस्ने बास र छोराछोरी पढाउने आशमा विदेशिनुपर्ने अवस्थाका कति छन् कति", उहाँ भन्नुहुन्छ।

त्यही बाध्यता अधिकारीलाई पनि थियो, त्यसैले त साढे दश वर्षसम्म छोराछोरी पढाउनकै लागि चाहेर पनि उहाँले स्वदेश फिर्कन पाउनुभएन। "घर आउने चाहना कसलाई हुँदैन र? छोराछोरी काखमा च्याप्ने रहर त थियो नि मलाई पनि", उहाँ भन्नुहुन्छ, "तर, के गर्नु आउँदा जाँदा खर्च लाग्छ भनेर मन बाधेर बस्थेँ। त्यसो गर्दा गर्दै साढे दश वर्ष कुवेतमा श्रम बगाएँ।"

४० वर्षीया अधिकारी जब स्वदेश फर्किन, आफ्नै देशमा पनि शान्तले बस्न पाउनुभएन। परिवार, समाज र आफन्तले हेर्ने दृष्टिकोण सकारात्मक भएन। उहाँले आर्थिक अभावभन्दा पनि यस्तै दृष्टिकोणका कारण समस्या भोग्नुभयो। "छोराछोरी छोडेर बिदेशिएकी महिलालाई राम्रो नजरले हेर्दा रहेनछन्, मैले धेरै नराम्रो सुन्नुपर्‍यो", अधिकारीले पीडा सुनाउनुभयो, "समाज, परिवार र आफन्तको त्यही असहयोगी बातावरणले मानसिक समस्या भोग्नुपर्‍यो। डिप्रेसनको औषधि खानुपर्‍यो। आत्महत्या गर्ने सुर चल्यो।"

लाञ्छनाले भरिएको गह्रुङ्गो र विक्षिप्त मन बोकेर बाँचिरहेकी अधिकारीलाई केही समय निकै गाह्रो भयो। पछि सहकर्मी र केही सकारात्मक सोच भएका मानिसहरूमार्फत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण (रेमी) परियोजनासँग जोडिनुभयो। "त्यहाँ गएपछि पहिलो चरणमा आत्मबल बढाउने खालको सहयोग पाएँ, पछि आर्थिक मनोबल बढाउने सामग्री उपलब्ध गराइयो", अधिकारीले भन्नुभयो,"डिपफ्रिज र केही व्यवसाय गर्ने सामग्री उपलब्ध भयो। त्यसैको सहयोगमा चटपटे, पानीपुरीको व्यापार र किराना पसल सञ्चालन गरिरहेकी छु।"

त्यसपछि उहाँको दैनिकी फेरिएको छ। समाजका लाञ्छना पन्छाउँदै त्यही व्यापारबाट राम्रो आम्दानीसँगै स्वदेशमै सम्मानपूर्वक जीवनयापन गर्ने आधार बनिरहेको अधिकारले बताउनुभयो। सुनसरीबाट अन्तरराष्ट्रिय आप्रवासन दिवस मनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौँ आउनुभएकी उहाँले आफ्नो प्रगती सुनाउँदै भन्नुभयो,"वैदेशीक रोजगारमा गएर मात्रै समस्या सुल्झिन्न रहेछ। हामीले स्वदेशमै लाज नमानी काम गर्ने हो भने अर्काको देशमा दुःख गर्नु पर्दैन। परिवारसँगै बसेर सम्मानित जीवन बाँच्न सकिने रहेछ।"

उहाँजस्तै, वैदेशिक रोजगारबाट फर्केर स्वदेशमै उद्यमी बनेकी जनकपुरका नन्दु यादवको सङ्घर्ष पनि रोचक छ। कतारमा १८ वर्षसम्म श्रम गरेर फर्किएकी उहाँले हाल माछा तथा पशुपालन व्यवसाय गरिरहनुभएको छ। ५६ वर्षीय यादवले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो,"विदेश जानु नराम्रो होइन, सीप सिकेर जाँदा राम्रै हुन्छ। जाँदा सीप सिकेर गइएन भने धेरै दुःख पाइन्छ। होस् गर्नुपर्छ।"

२० वर्षको कलिलो उमेरमा घरको आर्थिक अवस्था सुधार्न रु ७० हजार ऋण लिएर कतार पुग्नुभएका उहाँले त्यहाँ सोचेजस्तो कमाइ नभएको बताउनुभयो। "ऋणको ब्याज तिर्दै विदेशको पैसा सकियो। केही रकम परिवारको आवश्यकता पूर्तिकै काममा सकियो", यादव भन्नुहुन्छ,"समस्या त घर फर्किएपछि भयो। लगानी गर्न पैसा छैन, के गर्ने, कसो गर्ने भयो। पछि रेमी परियोजनाको सहयोगमा माछा तथा पशुपालन व्यवसाय सुरु गर्दा धेरै राहत भएको छ।"

यादवका अनुसार हाल उहाँको फार्ममा अन्य दुई जना युवाले पनि रोजगार पाएका छन्। यसले धेरैपछि कर्म गर्नेलाई स्वदेशमै पनि आम्दानीका बिभिन्न अवसर रहेको भन्ने महसुस भएको यादवले सुनाउनुभयो। उहाँ भन्नुहुन्छ, "अर्काको देशमा नोकर बन्नुभन्दा आफ्नो देशमा साहु बनेरै कमाउन सकिँदो रहेछ! आफ्नै देशमा पैसा पनि सम्मान पनि मिल्ने। त्यसैले वैदेशिक रोजगारमा जाने सोच बनाएकाले यस विषयमा सोच्नुपर्छ भन्ने लाग्छ।"

अधिकारी र यादव मात्रै होइन, एकपटक विदेश गएर फर्किएपछि मात्रै देशमा अवसर देख्ने गरेका छन्। यद्यपि, धेरैलाई स्वास्थ्य, समय र विविध कारणले अवसर पहिचान गर्ने अवस्था रहँदैन।

मन्त्रालयले प्रकाशन गरेको नेपाल आप्रवासन श्रमिक प्रतिवेदन २०२४ को तथ्याङ्कअनुसार वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढ्दो क्रममा छ। तथ्याङ्कअनुसार सन् २०२२/२३ र २०२३/२४ मा नौ लाख ५४ हजार ३१९ जनाले श्रम स्वीकृति लिएको अवस्था छ, जसमा एक लाख १३ हजार ५६ महिला श्रमिक छन्।

यस्तै, सन् २०२३/२४ मा वैदेशिक रोजगारमा जानेमा सीपयुक्त जनशक्ति वृद्धि भई ६९ दशमलव पाँच प्रतिशत पुगेको छ, तर पूर्ण दक्ष जनशक्तिको वृद्धि भने शून्य दशमलव चार प्रतिशत मात्रै छ।

# योजना र नतिजा विश्लेषणबिनाको खर्चले राज्यप्रतिको विश्वास घट्दै गयो : उद्योगमन्त्री सिन्हा

काठमाडौँ, ४ पुस (रासस)।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले योजना, प्राथमिकता र नतिजा विश्लेषणबिनै सार्वजनिक खर्च गर्ने प्रवृत्तिका कारण नागरिकमा राज्यप्रतिको विश्वास कमजोर बन्दै गएको बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले शुक्रबार यहाँ आयोजना गरेको 'सार्वजनिक खर्चको प्रभावकारिता र सेवा प्रवाह सुधारका लागि नीति संवाद कार्यक्रम' मा उहाँले जनताबाट सङ्कलित करको उचित र जिम्मेवार प्रयोग हुन नसक्दा असन्तुष्टि बढ्दै गएको धारणा राख्नुभयो।

मन्त्री सिन्हाले भन्नुभयो, "सार्वजनिक स्रोतको सदुपयोग र आर्थिक सुशासन कायम हुन सकेन भने स्वाभाविक रूपमा नागरिकमा असन्तुष्टि बढ्छ। पछिल्लो समय देखिएको असन्तुष्टिको उदाहरण गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शन पनि हो।"

उहाँले बजारमा कालोबजारी, एकाधिकार र कृत्रिम अभावजस्ता बिकृति अन्त्य गर्न सरकार गम्भीर रहेको उल्लेख गर्नुभयो। जेनजी प्रदर्शनको पृष्ठभूमिमा बनेको सरकार सुशासन, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न प्रतिबद्ध भए पनि केही संरचनागत र कार्यान्वयनगत सीमितताका कारण अपेक्षित गतिमा काम गर्न नसकिएको स्वीकार गर्नुभयो।

"यद्यपि सरकारले आफ्ना नीति तथा कार्यक्रम अघि बढाउँदा विज्ञहरूको सुझावलाई प्राथमिकता दिएको छ", मन्त्री सिन्हाले भन्नुभयो, "आगामी निर्वाचनसम्म सुशासन र सेवा प्रवाहमा ठोस सुधार ल्याई सकारात्मक बातावरणसहित जिम्मेवारी हस्तान्तरण गर्नु हाम्रो दायित्व हो।"

उहाँले राष्ट्रको वास्तविक आवश्यकताभन्दा पनि शक्ति र पहुँचका आधारमा बजेटमा योजना पार्ने प्रवृत्ति विद्यमान रहेकाले सरकारले यस्ता योजना तथा कार्यक्रम कटौती गरेको स्पष्ट पार्नुभयो। केही कार्यक्रमको बजेट रोक्का राखिँदा गुनासा आएको स्वीकार गर्दै मन्त्री सिन्हाले त्यसलाई खर्चको प्रभावकारिता बढाउने प्रक्रियाको हिस्साको रुपमा लिन आग्रह गर्नुभयो।

सेवा प्रवाह सुधारका लागि डिजिटल प्रविधिको प्रयोग, जनशक्ति व्यवस्थापन, खर्चको प्राथमिकता निर्धारण र परिणाममुखी विनियोजन अपरिहार्य रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा महालेखा नियन्त्रक शोभाकान्त पौडेलले सार्वजनिक खर्च अपेक्षित प्रभावकारी हुन नसक्नुमा संरचनागत कारण रहेका बताउनुभयो। "अनुत्पादक क्षेत्रमा खर्च बढ्दै गएको छ, राजनीतिक स्थिरता छैन र सामाजिक सुरक्षामा हुने खर्चको संरचना पुनरावलोकन हुन सकेको छैन", उहाँले भन्नुभयो।

निजी क्षेत्रप्रति टिप्पणी गर्दै महालेखा नियन्त्रक पौडेलले आयोजनाको लाइसेन्स होल्ड गरेर बस्ने प्रवृत्ति व्यापक रहेको बताउनुभयो। "निजीकरण र आर्थिक उदारीकरण गरियो भनिए पनि सीमित व्यक्ति र घरानाको मात्रै हालीमुहाली छ। स्रोतसाधन केही संस्थामै सीमित छ", उहाँले भन्नुभयो,"जेनजी प्रदर्शनपछि बनेको सरकारले अनावश्यक खर्च कटौती गरेको छ। राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्रले उच्च मनोबल र जिम्मेवारीका साथ काम गर्नुपर्न आवश्यक छ। हाम्रो भनाइ र गराइबीच अन्तर छ। उत्पादनमूलक क्षेत्रमा लगानी र स्रोत परिचालन नगरी आर्थिक सुधार सम्भव हुँदैन।"

सार्वजनिक खर्च पुनरावलोकन आयोगका सदस्य सुरेश प्रधानले खर्च प्रणालीकै आधार कमजोर रहेको धारणा राख्नुभयो। "खर्चको स्पष्ट मापदण्ड छैन। बजेट कसरी बन्छ, बनाउने आधार के हो भन्ने नै स्पष्ट छैन। विनियोजन र खर्चका मापदण्ड नहेरिनु अहिलेको ठूलो समस्या हो", उहाँले भन्नुभयो।

आयोजना समयमा सम्पन्न नहुने, सरकारका निकायबीच कार्यविभाजन स्पष्ट नहुनु र निर्णयकै कारण कर्मचारी समस्यामा पर्ने अवस्था रहेको उहाँको भनाइ छ। नियामक निकायलेसमेत यस विषयमा प्रश्न उठाउँदै आएको उहाँले स्मरण गराउनुभयो।

युवा उद्यमी वेदिका मुरारकाले सरकारी सेवा प्रवाहमा आमूल सुधार आवश्यक रहेको बताउनुभयो। "नवप्रवर्तन र नयाँ सोचलाई प्रोत्साहन गर्ने खालको लगानीबिना आर्थिक रूपान्तरण सम्भव छैन", उहाँले भन्नुभयो।

कार्यक्रमका अन्य वक्ताहरूले सार्वजनिक खर्चलाई परिणाममुखी, पारदर्शी र जवाफदेही बनाउँदै सेवा प्रवाह सुधार गर्नु हालको प्रमुख चुनौती र अवसर दुवै भएको धारणा राखेका थिए।

### *न्यायपरिषद् ...*

गर्दै उत्तरदायी र जनमुखी न्यायनिरुपणमा ध्यान दिनुपर्ने आवश्कता भएको बताउनुभयो।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्राडा विजयप्रसाद मिश्रले मुलुकलाई सही मार्गमा ल्याउनका लागि तोकिएको मितिमा निर्वाचन हुन नसके संसद् पुनःस्थापना हुनेपर्ने बताउनुभयो। उहाँले संसद् नभएको अवस्थामा संसदीय सुनुवाइसमेत नहुने भएकाले यस्तो अवस्थामा न्यायालयमा नेतृत्वविहीन अवस्था आउने बताउनुभयो।

सर्वोच्च अदालत बार एशोसिएनका कार्यबाहक अध्यक्ष अम्बरबहादुर राउतले न्यायाधीश नियुक्ति गर्दा जनअपेक्षाअनुसार न्यायाधीश नियुक्ति जरुरी भएको र तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

न्यायपरिषद् दिवसका अवसरमा उच्च अदालत विराटनगर इलाम इजलास प्रमुख भई काम गर्ने न्यायाधीश विपुल न्यौपाने र रुपन्देही जिल्ला अदालका न्यायाधीश अशोककुमार बस्नेतलाई जनहरु रु १५ हजारसहित प्रधानन्यायाधीशले सम्मान गनुभएको थियो।

## विश्व समाचार

# ढाकामा तनाव बढ्दो

ढाका, ४ पुस (रासस/एएनआई)।

इन्किलाब मोन्चोका नेता सरिफ उस्मान बिन हादीको निधनको विरोधमा ढाकामा प्रदर्शनहरू निरन्तर जारी रहेको छ। डेली स्टार र प्रथम आलो जस्ता प्रतिष्ठित मिडिया हाउसका कार्यालयहरूलाई लक्षित गरिएको एक रातको हिंसात्मक अशान्तिपछि प्रदर्शनकारीहरूले राष्ट्रपिता शेख मुजीबुर रहमानको आंशिक रूपमा ध्वस्त घरमा पुगेर आफ्नो आक्रोश प्रकट गरेका छन्। प्रत्यक्षदर्शीहरूका अनुसार प्रदर्शनकारीहरूले घरको बाँकी संरचना भत्काउने प्रयास गर्नुका साथै त्यहाँ टाँसिएको पूर्व प्रधानमन्त्री शेख हसिनाको पोस्टरमा आगो लगाउने प्रयास गरेको देखिएको छ। उस्मान हादीको मृत्यु पश्चात् देशभर अशान्ति फैलिँदै गएपछि इन्किलाब मोन्चोले आम नागरिकहरूलाई संयम अपनाउन आग्रह गरेको छ। बिहीबार राति सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक गरिएको एक पोस्टमा सङ्गठनले हिंसा, तोडफोड तथा आगजनी नगर्न स्पष्ट अपिल गरेको छ। पोस्टमा भनिएको छ, "विनाश र आगोको माध्यमबाट केही समूहले बङ्गलादेशलाई एक अप्रभावी राज्य बनाउने लक्ष्य राखिरहेका छन्। उनीहरू हाम्रो देशको स्वतन्त्रता र सार्वभौमसत्तालाई कमजोर पार्न खोजिरहेका छन्। तपाईंहरूले बुझ्नै पर्छ–३२ र ३६ एउटै होइन।"

उक्त सन्देशमा थप भनिएको छ, "फेब्रुअरीको निर्वाचन नजिकिँदै गर्दा देशमा अशान्ति सिर्जना भएमा वास्तवमा कसलाई फाइदा पुग्छ भन्ने गम्भीरतापूर्वक विचार गर्नुहोस्। बङ्गलादेशमा स्थिरता कायम राख्न सरकारलाई पूर्ण सहयोग गर्नुहोस् र कुनै पनि प्रकारको हिंसाबाट टाढा रहनुहोस्।" यसैबीच, अङ्ग्रेजी भाषाको प्रतिष्ठित दैनिक द डेली स्टारको कार्यालयमा भएको तोडफोडपछि भवनको छतमा फसेका एक जना पत्रकारले आफ्नो कष्टप्रद अनुभव सार्वजनिक गरेका छन्। उनका अनुसार भीडको एक समूहले प्रथम आलोको कार्यालयमा आक्रमण गरेपछि द डेली स्टारको भवनतर्फ अगाडि बढेको बाहिरबाट आएको फोन कलमार्फत जानकारी प्राप्त भएपछि उनीहरू सतर्क भएका थिए।

चेतावनी प्राप्त भएपछि समाचार कक्षमा कार्यरत कर्मचारीहरूले सुरक्षित रूपमा भवन खाली गर्ने प्रयास गरे। तर, त्यतिन्जेलसम्म भीडले भुइँतलासम्म पुगेर व्यापक तोडफोड गरिसकेको थियो र त्यसपछि भवनमा आगो लगाइएको थियो। बाक्लो धुवाँ फैलिँदै गएपछि तल झर्न असम्भव देखेर पत्रकारहरूको समूहले १० औँ तलाको छततर्फ भागेर ज्यान जोगाउनुपरेको थियो। केही समयपछि फायर सर्भिसका कर्मचारीहरू घटनास्थलमा पुगे र तल्लो तलामा लागेको आगो नियन्त्रणमा लिन सफल भए। उद्धार कार्यका क्रममा चार जना अग्नि नियन्त्रकहरू छतमा पुगेर त्यहाँ फसेका व्यक्तिहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्न सफल भएको बताइएको छ। घटनापछि उत्पन्न असुरक्षा र क्षतिको अवस्थाका कारण शुक्रबार प्रथम आलो र द डेली स्टार दुवै पत्रिका प्रकाशित नहुने जनाइएको छ।

# आइएस-के का वरिष्ठ नेता पक्राउ

इस्लामाबाद, ४ पुस (रासस/एएफपी)।

पाकिस्तानले इस्लामिक स्टेट जिहादी समूहको क्षेत्रीय शाखा इस्लामिक स्टेट खोरासान (आइएस-के) का एक वरिष्ठ नेतालाई पक्राउ गरेको जनाएको छ। संयुक्त राष्ट्रसङ्घको प्रतिबन्ध अनुगमन समूहको प्रतिवेदन सार्वजनिक भएपछि एक वरिष्ठ पाकिस्तानी गुप्तचर अधिकारीले शुक्रबार यसबारे जानकारी दिएका हुन्। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा नोभेम्बरमा पेस गरिएको प्रतिबन्ध अनुगमन समितिको प्रतिवेदनअनुसार आइएस-के का प्रवक्ताका रूपमा पनि काम गरेका सुल्तान अजिज आजमलाई गत मे १६ तारिखमा पक्राउ गरिएको थियो। ती अधिकारीका अनुसार आजम प्रवक्ता मात्र नभई यस क्षेत्रका आइएस-के का शीर्ष नेतामध्ये एक मानिन्थे।

ती अधिकारीले भने, "आजमको भूमिका अत्यन्तै महत्त्वपूर्ण थियो, त्यसैले पक्राउपछिको सोधपुछ र अनुसन्धानलाई ध्यानमा राख्दै तत्काल सार्वजनिक गरिएको थिएन। यसले आतङ्कवादबिरोधी कारबाहीमा नकारात्मक असर पर्न सक्थ्यो।" गुप्तचर अधिकारी तथा संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले आजम कुन देशमा पक्राउ परेका थिए भन्ने विषय भने स्पष्ट गरेको छैन। आइएस-के ले पछिल्ला वर्षहरूमा अफगानिस्तान, पाकिस्तान तथा अन्य केही मुलुकमा भएका सबैभन्दा भयावह आक्रमणहरूको जिम्मेवारी लिँदै आएको छ। तीमध्ये धेरै आक्रमणमा सर्वसाधारणलाई नै निशाना बनाइएको छ। सन् २०२४ को मार्चमा समूहका बन्दुकधारीहरूले मस्कोस्थित एक कन्सर्ट हलमा आक्रमण गर्दा १४० भन्दा बढी व्यक्तिको ज्यान गएको थियो। त्यसैगरी, सन् २०२१ मा तालिबान पुनः सत्तामा आएपछि अफगानिस्तान र पाकिस्तान दुवैमा आइएस-केको शृङ्खलाबद्ध घातक आक्रमण जारी रहेका छन्।

तालिबान अधिकारीहरूले सुरक्षा आफ्नो सर्वोच्च प्राथमिकता भएको दाबी गर्दै आइएस-के तथा अन्य आतङ्कवादी समूहहरूविरुद्ध कडा कारबाही गर्ने प्रतिबद्धता जनाउँदै आएका छन्। तर पाकिस्तानले भने अफगानिस्तानको भूमि आतङ्कवादी समूहहरूलाई शरण दिन प्रयोग भइरहेको आरोप लगाउँदै आएको छ। पछिल्ला महिनाहरूमा सीमा क्षेत्रमा भएका घातक झडपका कारण दुई देशबीचको सम्बन्ध थप तनावपूर्ण बनेको छ। इस्लामाबादले आतङ्कवादी सञ्जालहरूविरुद्ध सीमा क्षेत्रमा सघन कारबाही अघि बढाएको जनाएको छ। सुरक्षा स्रोतहरूका अनुसार अक्टोबरमा अफगान भूभागमा गरिएको हवाई आक्रमण पाकिस्तानी तालिबानलाई लक्षित थियो। संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले अफगान तालिबान र पाकिस्तान दुवैको कारबाहीका कारण आइएस-के को क्षमतामा क्षति पुगेको उल्लेख गरेको छ।

प्रतिवेदनमा भनिएको छ, "समग्रमा, अफगान वास्तविक अधिकारीहरू र पाकिस्तानद्वारा गरिएका आतङ्कवादविरोधी प्रयासका कारण आइएसआइएल-के को क्षमता कमजोर बनेको छ।" यद्यपि, समूह अझै लचिलो रहेको र अफगानिस्तानको उत्तर तथा पूर्वी क्षेत्रमा यसको लुकेका अखडाहरू पूर्ण रूपमा समाप्त नभएको प्रतिवेदनले जनाएको छ। अनुमानअनुसार आइएस-के सँग करिब दुई हजार लडाकू सक्रिय छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार समूहका नेताहरूले क्षमता विस्तार गर्ने र अफगान सीमा बाहिर पनि आक्रमण गर्न सक्ने उद्देश्यले स्लीपर सेलहरूको सञ्जाल विस्तार तथा भर्ती अभियान तीव्र पारेका छन्। अमेरिकास्थित थिङ्क-ट्याङ्क जेम्सटाउन फाउन्डेसनका अनुसार सुल्तान अजिज आजम अफगानिस्तानको पूर्वी नङ्गरहार प्रान्तका हुन्, जुन पाकिस्तानको सिमानासँग जोडिएको आइएस-केको गढ मानिन्छ। फाउन्डेसनका अनुसार आजम एक कवि र लेखकका रूपमा पनि चिनिन्थे र सन् २०१५ मा आइएस-के मा सामेल हुनुअघि उनका लेखन सामग्री फेसबुकजस्ता सामाजिक सञ्जालमार्फत सार्वजनिक हुने गरेका थिए।

# सम्मुनति कार्यक्रमको वार्षिक समिक्षा बैठक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

सेभ द चिल्ड्रेनको सहयोगमा सप्तरीमा सञ्चालित सम्मुनति कार्यक्रमको वार्षिक समिक्षा बैठक शुक्रबार राजबिराजमा सम्पन्न भएको छ ।

जिल्लाको तीनवटा गैरसरकारी संस्था सेभ द सप्तरी, सबल नेपाल र जनचेतना अभियान नेपाल मार्फत सञ्चालित सम्मुनति कार्यक्रमको बार्षिक समिक्षा बैठक सम्पन्न भएको हो ।

बैठकमा सेभ द सप्तरीका कार्यकम संयोजक संजिब चौधरीले समुनति कार्यकम अन्तर्गत छिन्नमस्ता गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गरिएको जनकारी दिए ।

उनले तीनवटा गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्ने योजना अनुसार छिन्नमस्ता गाउँपालिका भईसकेको र तिलाठी कोइलाडी तथा विषणुपुर गाउँपालिका लाई बालविवाह मुक्त घोषणा गर्ने तयारी भइरहेको बताए । दुवै पालिकाका वडाहरुलाई बालविवाह मुक्त घोषणा गर्ने काम भईरहेको र चाँडै पालिका पनि घोषणा हुने उनले जानकारी दिए ।

"विष्णुपुर र तिलाठी कोइलाडी गाउँपालिकामा वडाहरुलाई बालविवाह मुक्त घोषणा गर्ने काम जारी छ, यही डिसेम्बर भित्र दुवै पालिका बालविवाह मुक्त घोषणा हुनेछ" चौधरीले भने ।

सोही कार्यकम अन्तर्गत तीन वटै पालिका सहित राजबिराज नगरपालिकाको पाँच वटा वडामा समेत सतप्रतिशत विद्यार्थी विद्यालय भर्ना, गरिवी निवारण, स्वास्थ्य सेवामा सहज पहुँच, बालविकास भवन निर्माण लगायतका क्षेत्रमा कार्य भएको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

यसै परियोजना अन्तर्गत खडक नगरपालिका र सुरुङ्गा नगरपालिकामा सबल नेपालले र हनुमाननगर कंकालिनी नगरपालिकामा जनचेतना अभियान नेपालले बालवालिकाको संरक्षण, शिक्षकहरुको क्षमता विकास, विपन्न परिवारको कृषिमा रोजगारको श्रृजना लगायतको काम गरिएको सबल नेपालका फिल्ड म्यानेजर रोशन मण्डलले जानकारी दिए ।

सेभ द चिल्ड्रेनका प्रोग्राम म्यानेजर उमेश कुमार गुप्ताले सम्मुनति कार्यक्रम अन्तर्गत तीन वटै संस्थाले गरेको काम सन्तोषजनक रहेको प्रतिक्रिया दिए । समिक्षा बैठकमा एकसय जना भन्दा बढी सरोकारबालाहरुको सहभागिता रहेको सेभ द सप्तरीका अध्यक्ष ध्रुव देवले जानकारी दिए ।

# एमालेको काँधमा ठूलो जिम्मेवारी छ : अध्यक्ष ओली

काठमाडौँ, ४ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको विषम परिस्थितिमा पार्टीको काँधमा ठूलो जिम्मेवारी रहेको बताउनुभएको छ । पार्टीको ११ औँ महाधिवेशनबाट निर्वाचित नवनिर्वाचित केन्द्रीय कमिटीको प्रथम बैठकलाई शुक्रबार यहाँ सम्बोधन गर्दै उहाँले केन्द्रीय कमिटीले निष्ठा र उत्साहका साथ उक्त जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो ।

अध्यक्ष ओलीले पार्टीको ११औँ महाधिवेशन भव्यता र हरेक कोणबाट सफल भएको दाबी गर्नुभयो । उहाँले पार्टीभित्र समय समयमा केही समस्या देखिए पनि आगामी दिनमा त्यस्ता कमजोरी प्रकट नहुन् भन्नेमा सबै सचेत रहनुपर्नेमा जोड दिनुभयो ।

"हाम्रो एक आवाज हुनुपर्दछ, दोस्रो विधान महाधिवेशनले पास गरेको नीतिअनुसार अगाडि बढ्ने छौँ । बेतालमा, बेसुरमा होइन, हामी तालमा अगाडि बढ्ने छौँ", अध्यक्ष ओलीको भनाइ थियो ।

उहाँले पार्टीभित्रका असन्तुष्टि सार्वजनिक सञ्चार माध्यममा गएर नपोख्न र केही, असहमति र असन्तुष्टि भए नेतृत्वसमक्ष मौखिक वा लिखत रूपमा पेस गर्न आग्रह गर्नुभयो । "समाज र सामाजिक प्राणी हुनुको नाताले अनुशासन अपरिहार्य छ । उन्नत समाज निर्माणको अग्रदस्ता राजनीतिक पार्टी र तीमध्ये पनि अग्रदस्ताको रूपमा रहेको एमालेभित्र दृढ अनुशासन अपरिहार्य छ । यसमा हामी सबै जिम्मेवार ढङ्गले सचेत रहनुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो,"एमाले झण्डा ओढेर सिंहदरबार जलाउने जस्तो अनुशासनहीन पार्टी होइन । सामूहिक प्रयास र हितकाविरुद्ध मेरो निजी कुरा भनेर चल्न मिल्दैन । अब पार्टीको बैठक पनि अति अनुशासित रूपमा चल्ने छ ।"

एमालेकाविरुद्ध अनेक भ्रम फिँजाइएको बताउँदै उहाँले यस्ता कुराबाट प्रभावित नहुन नेताहरूलाई आग्रह गर्नुभयो । अब एमालेभित्र कुनै गुट र प्यानल नभएको भन्दै अध्यक्ष ओलीले एक ढिक्का भएर अगाडि बढ्ने स्पष्ट पार्नुभयो ।

हाल देश अप्ठेरो अवस्थामा रहेको उल्लेख गर्दै अध्यक्ष ओलीले त्यो अप्ठेरोबाट सहज बाटोमा ल्याउने काम एमालेले नै गर्ने जिकिर गर्नुभयो ।

# जेनजी आन्दोलनका घाइतेहरूको वर्गीकरण गरिँदै

काठमाडौँ, ४ पुस (रासस) ।

सरकारले गत भदौ २३ र २४ गतेको युवापुस्ता जेनजीद्वारा गरिएको प्रदर्शनमा घाइते भएकाहरूको वर्गीकरणलाई तीव्रताका साथ अघि बढाएको छ ।

जेनजी प्रदर्शनमा घाइते भएका व्यक्तिको अपाङ्गताको अवस्था तथा गम्भीरताको आधारमा आर्थिक सहायतासहित जीवन निर्वाहका लागि सहयोग उपलब्ध गराउने सन्दर्भमा मन्त्रिपरिषद्ले गत मङ्सिर २२ गते स्वीकृत गरेको कार्यविधिका आधारमा वर्गीकरणलाई तीव्रता दिइएको गृह मन्त्रालयले जनाएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालको सचिवालयका अनुसार जिल्ला प्रशासन कार्यालयहरूले वर्गीकरणको सिफारिस गर्ने र सोही आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रमाणित गर्नेछ ।

कार्यविधि अनुसार घाइते भएका व्यक्तिको अपाङ्ताको आधारमा वर्गीकरण गर्न स्वास्थ्य मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्राविधिक समिति रहने छ । उक्त समितिले घाइतेलाई साधारण, मध्यम, गम्भीर र अतिगम्भीर गरी चार किसिममा वर्गीकरण गर्ने व्यवस्था गरेको छ ।

गम्भीर घाइतेले मासिक रु नौ हजार र अतिगम्भीर घाइतेले जीविकोपार्जन भत्ताबापत मासिक रु १८ हजार प्राप्त गर्ने व्यवस्था गरिएको गृहमन्त्रालयले जनाएको छ । कार्यविधि अनुसार मध्यम प्रकृतिका घाइतेले मासिक रु चार हजार भत्ता पाउने व्यवस्था कार्यविधिमा छ ।

गृहमन्त्री अर्यालको सक्रियतामा जेनजी घाइतेहरूको जनभावना अनुरूप वर्गीकरणका लागि मन्त्रालयले सम्बद्ध निकायलाई घाइतेहरूको वर्गीकरण गर्ने कार्यलाई तीव्रता दिन निर्देशन भए बमोजिम प्रक्रिया अघि बढाइएको वर्गीकरण सहजीकरण समितिले जनाएको छ ।

# जाडो बढेसँगै हिमालीबाट तल झर्ने बढे

गोरखा, ४ पुस (रासस) ।

जाडो बढ्दै गएपछि जिल्लाको हिमाली भेगका बासिन्दा सहर झर्न थालेका छन् । चुमनुब्री गाउँपालिका-१ र वडा नं ७ का बासिन्दा विगत बर्ष जस्तै यस बर्ष पनि जाडो छल्न धमाधम सहर झर्न थालेका हुन् ।

"अहिले ८० प्रतिशत गाउँले काठमाडौँ पुगिसके, बाँकी घर कुर्न बसेका छन्", चुमनुब्री-७ छेकम्पारको पासाङफुञ्जो लामा भन्नुहुन्छ, "अहिले हरेक घरमा एक जनामात्र होलान् ।" गाउँ कुर्न बसेकाले खेतीपाती र बस्तुभाउको रेखदेख गर्ने उहाँको भनाइ छ । गाउँमा रहेकाले छरछिमेक तथा आफन्तको घरको रेखदेख गरिदिने उहाँले बताउनुभयो ।

जाडो बढेपछि मङ्सिर दोस्रो सातादेखि लेकको चरन र खर्कमा राखिएका चौँरी गाउँमा झारिएको छ । याक भने हिमाली क्षेत्रको चरनमै रहेको सोही वडाका वडाध्यक्ष टासी लामाले बताउनुभयो । "याकको भुत्ला बाक्लो हुने भएकाले लेकमै छाडिन्छ । चौँरीलाई भुत्ला पातलो भएकाले गाउँमा ल्याएर आफ्नै घरमा राख्ने चलन छ,", उहाँले भन्नुभयो ।

चुमनुब्री-१ मा पनि बस्ती खाली हुन थालेका छन् । तिब्बत सीमाना नजिक पर्ने साम्दो गाउँ खाली हुन थालेको त्यहाँका स्थानीयबासीको भनाइ छ । यहाँका करिब ४५ घरधुरीमध्ये दश, १५ घरबाहेक सबै घरका बासिन्दा ताला लगाएर सहर झरेका स्थानीय वाङ्चुक राप्तेन लामाले जानकारी दिनुभयो । "धेरै घर खाली भइसकेका छन्", उहाँले भन्नुभयो, "एक दुईबाहेक होटल पनि बन्द भएका छन् ।"

जाडो बढेपछि चुमनुब्री-२ को ल्हो माविका विद्यार्थीलाई आरुघाट गाउँपालिका-४ को कोखेटारमा सारिएको छ । आउँदो चैतसम्मका लागि विद्यालय नै तल स्थानान्तरण गरिएको त्यहाँका प्रधानाध्यापक बाबुराम धमला बताउनुहुन्छ ।

उनीहरु सहर झरेकाबेला तीर्थाटनका लागि धर्मशाला, लुम्बिनी तथा बिभिन्न धर्मगुरुको समीपमा जाने गर्छन् । "धेरैजसो तीर्थ गर्न जान्छन् । कोहीकोही काठमाडौँमा पढ्ने छोराछोरीसँग घुमफिर गरेर समय बिताउँछन्", चुमनुब्री-७ निलेको लोप्साङ लामा भन्नुहुन्छ, "हाम्रातिर घरमा ढोका लगाएर सबै सहर झर्दैनन् । कम्तीमा प्रत्येक घरमा एक जना घर कुरुवा बस्छन् ।" अहिले सहर झरेका सहरमै ग्याल्बो ल्होसार मानेर गाउँ फर्कने उहाँको भनाइ छ ।

## सडक निर्माणको ...

यूवाहरुको अडान छ । उक्त सडक खण्डको बनौली देखी डिमनसम्मको करिब ६ सय मिटर सडकको निर्माण कार्य लामो समयदेखी सुस्त रहेको स्थानियवासी प्रविण यादवले बताए ।

स्थानियवासीले बाटो अवरुद्ध पारेपछी त्यस सडकखण्डबाट आवतजावत गर्ने यात्रुहरु समस्यामा परेको जानकारी प्राप्त भएको भन्दै स्थानिय प्रशासनले वार्ताको माध्यमबाट समस्या समाधानको प्रयास भइरहेको जनाएको छ ।

## पोखरीमा डुबेर ...

१ स्थित बरहिबिरपुर बस्ने ६८ बर्षीय असर्फी खंगको पोखरीमा डुबेर मृत्यु भएको हो ।

आफ्नो घर देखि १० मिटर पश्चिममा रहेको स्थानिय मुलुकि रायको निजि पोखरीमा डुबि शुक्रबार विहान मृत अवस्थामा खंग भेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए । उनले घट्नाबारे थप अनुसन्धान भइरहेको बताए ।

# देशभर स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिऔँ : मन्त्री घिसिङ

ललितपुर, ४ पुस (रासस) ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले देशभर स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिनुपर्ने बताउनुभएको छ ।

'भविष्यका लागि बाँसको आवास' भन्ने नाराका साथ 'ह्याबिटचाट फर ह्युम्यानिटी' नेपालले शुक्रबार यहाँ आयोजना गरेको 'बाँस संरचना डिजाइन मार्गदर्शन २०८२' बिमोचन कार्यक्रममा उहाँले स्थानीय उत्पादन उपयोगमा प्रोत्साहन गर्न आफूले योजना बनाइरहेको बताउनुभयो ।

मन्त्री घिसिङले भन्नुभयो, "स्थानीय उत्पादन र प्रविधिको प्रयोगले रोजगारीको सिर्जना गर्नेछ । बाँसको व्यावसायिक खेतीले आन्तरिक मागलाई बढावा दिनुका साथै संरचना निर्माणका लागि खर्च हुने अन्तरराष्ट्रिय मुद्रा सञ्चितिमा समेत योगदान पुग्ने देखिन्छ । त्यसैले संरचना निर्माणका लागि स्थानीय प्रविधिको प्रयोग गरौँ, आफ्नो मौलिकता संरक्षणमा जोड दिऔँ ।"

सहरी विकासमन्त्री समेत रहनुभएका घिसिङले आफ्नै देशको काठ तथा काठजन्य वस्तु प्रयोग नगर्दा त्यसले अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव परेको भन्दै अब प्रधावकारी, प्रविधिमैत्री एवम् भूकम्प प्रतिरोधी संरचना निर्माणमा बाँसलगायतको प्रयोगमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । "हामीले हाम्रो ठाउँको काठलाई उपयोग गर्न नसक्दा अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको छ । काठ आयातमा हामीले धेरै रकम खर्च गरिरहेका छौँ, बाँसका संरचनालाई प्रयोगमा ल्याउने वातावरण बनाऔँ, यसले अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउनेछ", मन्त्री घिसिङले भन्नुभयो ।

सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले स्थानीय उत्पादनको प्रयोगमा जोड दिन मन्त्रालय तयार रहेको बताउनुभयो । सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक रवीन्द्र बोहराले स्थानीय सन्दर्भ अनुकूल, जलावायुमैत्री प्रविधि, भूकम्प प्रतिरोधात्मक संरचना निर्माणका लागि आवश्यक नीतिगत व्यवस्था, मापदण्ड, निर्देशिका र कार्यविधि तयार गरी लागू गर्न विभाग प्रतिबद्ध रहेको बताउनुभयो ।

# स्वास्थ्य परीक्षण शुल्कमा पुनरावलोकन गर्दै मन्त्रालय

काठमाडौँ, ४ पुस (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारी जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा पुनरावलोकन गर्ने भएको छ ।

अन्तरराष्ट्रिय आप्रवासन दिवसका सन्दर्भमा शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारमा जानेका लागि निर्धारित स्वास्थ्य परीक्षण शुल्क अत्यन्तै महंगो भएको उल्लेख गर्दै पछिल्लो पटक भएको शुल्क वृद्धिमा पुनारवालोकन गर्नका लागि प्रक्रिया अगाडि बढाइएको बताउनुभयो । "स्वास्थ्य परीक्षण शुल्क चर्को भएको कुरा आएको छ, शुल्क वृद्धि खारेजको प्रक्रियामा जाँदैछौँ", उहाँले भन्नुभयो । मन्त्रालयले केही समय अघि ६ हजार ५०० रहेको शुल्क बढाएर नौ हजार ५०० बनाएको थियो ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारी जानेहरुलाई सीपमुलक तालिम दिने बाहानामा विभिन्न ठगीका घटना बढेको उल्लेख गर्दै सरकारले आफैले तालिम दिने विषयमा पनि सोचिरहेको बताउनुभयो । उहाँले वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रणमा संयन्त्रगत रुपमा काम सुरु गरिएको पनि उल्लेख गर्नुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा कृष्णहरि पुस्करले मानव अधिकार हरेक श्रमिकको अधिकार भएकाले सम्मानजनक रुपमा श्रम गर्न पाउनुपर्नेमा जोड दिनुभयो । श्रमिकको अधिकार सुनिश्चित गर्न वैदेशिक रोजगार व्यवसायी, मानव अधिकार सञ्जाल, संघसस्थालगायत निजी क्षेत्रको हातेमालोबाट मात्रै सम्भव हुने उहाँको भनाइ थियो ।

वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगारका नयाँ गन्तव्यमा रोजगार गर्न जान पाउने मानव अधिकारलाई राज्यले सहज बनाउनुपर्नेमा जोड दिनुभयो ।

मन्त्रालयका उपसचिव महेश पराजुली र संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडीपि) का प्रतिनिधि टेक टमाटाले श्रम र मानव अधिकारका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । मन्त्रालयले अन्तरराष्ट्रिय आप्रवासन दिवस पुस ७ गतेसम्म विभिन्न कार्यक्रम गरेर मनाइरहेको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*